श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४७ सालको ऐन नं. ११

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

# श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावना : श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न केही महशूल, कर, पोत, शुल्क र दस्तुर लगाउन, लगाई राखेकोलाई चालू राख्न वा हेरफेर गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०४७" रहेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यस ऐनको दफा १, २, ३ र ४ – २०४७ साल आषाढ २६ गते देखि र अरू दफाहरू २०४७ साल श्रावण १ गते देखि प्रारम्भ भएको मानिनेछ ।

२. भन्सार महशूल : (१) नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने र विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने मालवस्तुहरूमा अनुसूची–१ बमोजिम भन्सार महशूल (साधारण भन्सार महशूल, अतिरिक्त भन्सार महशूल र समिकारक महशूल) लगाइने र असूल उपर गरिनेछ ।

(२) भन्सार महशूलसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४६ बमोजिम हुनेछ ।

३. अन्तःशुल्क : (१) नेपाल अधिराज्यभित्रका मिल वा कारखानामा उत्पादन वा तयार भएका मालवस्तु वा पदार्थमा अनुसूची–२ बमोजिम अन्तःशुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) स्वदेशी उद्योगहरूले उत्पादन गरेका मालवस्तु अधिराज्यभित्रै परिवर्त्य विदेशी मुद्राको भुक्तानी पाउने गरी बिक्री गरेको प्रमाण पेश गरेमा त्यसरी बिक्री गरेको परिमाण सम्मको वस्तुमा लाग्ने अन्तःशुल्क पूर्णरूपमा छूट दिइनेछ ।

(३) सिन्थेटिक कपडा उत्पादन गर्ने घरेलु उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थ सिन्थेटिक यार्न उद्योग मन्त्रालयले तोकेको संस्थाबाट पैठारी गरी घरेलु उद्योगहरूलाई उपलब्ध गराउँदाको अवस्थामा नै अन्तःशुल्क असूल उपर गरिनेछ । उक्त व्यवस्था घरेलु स्तरमा सञ्चालित सिन्थेटिक होजियरी उद्योगलाई पनि लागू हुनेछ ।

(४) स्वदेशी उद्योगले स्वदेशी कच्चापदार्थ तथा प्राथमिक वस्तुहरूको उपयोग गरी उत्पादन गरेका वस्तुहरू अर्को स्वदेशी उद्योगद्वारा प्रयोग गर्न खरिद गरेमा सम्बन्धित विभागको सिफारिशमा त्यस्तो वस्तुमा लाग्ने अन्तःशुल्क पूर्णरूपमा छूट दिइनेछ । यसरी अन्तःशुल्क छूट गरिएका वस्तु उपयोग गर्ने उद्योगले आफ्नो उत्पादनको लागत मूल्यमा सो छूट सुविधाको रकम समावेश गर्न पाइने छैन । यस्तो उद्योगले बिक्री गर्दा वा खरिद गर्दाको रेकर्ड प्रमाणित गराई राख्नु पर्नेछ ।

(५) निकासीमूलक उद्योगहरूले कुनै मालवस्तु उत्पादन गरी निकासी गर्न स्वदेशी उद्योगसँग खरिद गर्ने वा विदेशबाट पैठारी गर्ने कच्चापदार्थ, सहायक कच्चा पदार्थ तथा रासायनिक पदार्थहरूमा उद्योग विभाग वा घरेलु तथा ग्रामीण


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उद्योग विभागले सिफारिश गरेको परिमाणमा दरबन्दी बमोजिम लाग्ने भन्सार महशूल, बिक्रीकर तथा अन्तःशुल्क बराबरको रकम बैंङ्क ग्यारेण्टी राखी स्वदेशी उद्योगबाट खरिद गर्न तथा विदेशबाट पैठारी गर्न पाउनेछ। यस्ता कच्चा पदार्थको पूर्ण उपयोग गरी वस्तु निकासी भएको वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी बिक्री गरेको प्रमाण पेश गरेमा बैंङ्क ग्यारेण्टी फुकुवा गरिनेछ।

(६) अन्तःशुल्कसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४६ बमोजिम हुनेछ।

४. बिक्रीकर : (१) आर्थिक वर्ष २०४७।४८ मा अनुसूची– ३ बमोजिम बिक्रीकर लगाइने र असूल उपर गरिनेछ।

(२) परिवर्त्य विदेशी मुद्राको भुक्तानी पाउने गरी कुनै उद्योगले आफ्नो उत्पादन नेपाल अधिराज्यमा बिक्री गरेको प्रमाण पेश गरेमा त्यस्तो वस्तुको बिक्रीमा बिक्रीकर पूर्णरूपमा छूट दिइनेछ।

(३) कुनै स्वदेशी उद्योगले स्वदेशी कच्चापदार्थ तथा प्राथमिक वस्तुहरूको उपयोग गरी उत्पादन गरेका वस्तुहरू अर्को स्वदेशी उद्योगद्वारा प्रयोग गर्न खरिद गरेमा सम्बन्धित विभागको सिफारिशमा त्यस्तो वस्तुमा लाग्ने बिक्रीकर पूर्ण-रूपमा छूट दिइनेछ। यसरी बिक्रीकर छूट गरिएका वस्तु उपयोग गर्ने उद्योगले आफ्नो उत्पादनको लागत मूल्यमा सो छूट सुविधाको रकम समावेश गर्न पाइने छैन। यस्ता उद्योगले खरिद गर्दा वा बिक्री गर्दाको रेकर्ड प्रमाणित गराई राख्नु पर्नेछ।

(४) ट्राभल एजेन्सी, ट्रेकिङ्ग एजेन्सी र जलयात्राको व्यवसाय गर्ने राफटिङ्ग एजेन्सीले आफ्नो प्रयोगको लागि एक पटक पैठारी गर्ने निम्न मालवस्तुमा बिक्रीकर लाग्ने छैनः–

(क) ट्राभल एजेन्सीले पैठारी गर्ने टेलेक्स मेशिन १, फ्याक्स मेशिन १, फोटोकपी मेशिन १ र कम्प्युटर १।

(ख) ट्रेकिङ्ग एजेन्सीले पैठारी गर्ने टेलेक्स मेशिन १, फ्याक्स मेशिन १, टाईपराइटर १, फोटोकपी मेशिन १ २ स्लीपिङ्ग ब्याग २५ थान।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) जलयात्राको व्यवसाय गर्ने राफटिङ्ग एजेन्सीले पैठारी गर्ने रबर-को डुङ्गा १० गोटा, हेल्मेट १०० गोटा, लाइफ भेष्ट १००थान, प्याडल १०० गोटा र वाटरप्रुफ क्यामरा कन्टेनर १० गोटा ।

(५) निकासीमूलक उद्योगहरूले कुनै मालवस्तु उत्पादन गरी निकासी गर्न स्वदेशी उद्योगसँग खरिद गर्ने वा विदेशबाट पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा रासायनिक पदार्थहरूमा उद्योग विभाग वा घरेलु तथा ग्रामीण उद्योग विभागले सिफारिश गरेको परिमाणमा दरबन्दी बमोजिम लाग्ने भन्सार महशूल, बिक्रीकर तथा अन्तःशुल्क बराबरको रकम बैङ्क ग्यारेण्टी राखी स्वदेशी उद्योगबाट खरिद गर्न तथा विदेशबाट पैठारी गर्न पाउनेछ । यस्ता कच्चा पदार्थको पूर्ण उपयोग गरी वस्तु निकासी भएको वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी बिक्री गरेको प्रमाण पेश गरेमा बैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ ।

(६) बिक्रीकरसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४६ बमोजिम हुनेछ ।

५. हवाई उडान कर : आर्थिक वर्ष २०४७।४८ मा अनुसूची–४ बमोजिम हवाई उडान कर लगाइने र असूल उपर गरिनेछ ।

तर परिवर्त्य विदेशी मुद्रा तिरी खरिद गरिएको हवाई टिकटबाट गरिने आन्तरिक हवाई उडानमा विदेशी पर्यटकलाई हवाई उडान कर लाग्ने छैन ।

६. आयकर : (१) आर्थिक वर्ष २०४७।४८ मा अनुसूची–५ बमोजिम आयकर लगाइने र असूल उपर गरिनेछ ।

(२) सोल्टी क्यासिनोबाट वार्षिक रू. ६०,००,०००।– (साठी लाख रूपैयाँ) रोयल्टी लिइनेछ । साथै प्रचलित नेपाल कानून बमोजिम तिर्नुपर्ने आयकर लगायत अरू करहरू समेत क्यासिनोले तिर्नु पर्नेछ ।

(३) व्यापारिक मालसामानको पैठारीमा अग्रिम आयकर असूल गर्ने व्यवस्था खारेज गरिएकोछ ।

(४) सेक्यूरिटी खरिद बिक्री केन्द्रमा शेयर सूचिकरण भएका कम्पनी तथा सरकारी संस्थानहरूबाट तिनीहरूको खुद आयमा समदरले ४० (चालीस) प्रतिशत कर्पोरेट आयकर लगाई असूल उपर गरिनेछ । कर्पोरेट आयकर लाग्ने कम्पनी तथा संस्थानहरूले वितरण गर्ने लाभांशको आयमा आयकर लाग्ने छैन ।

(५) घरजग्गा वा सम्पत्ति बहालमा दिनु पर्दा विदेशी नागरिक वा संस्थाको हकमा जतिसुकै रकमको भएपनि अनिवार्य रूपमा सम्झौता गर्नु पर्ने र अरूको हकमा वार्षिक रू. पच्चीस हजार भन्दा बढी रकममा घरजग्गा वा सम्पत्ति बहालमा



३२२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिनु पर्दा अनिवार्य रूपमा सम्झौता गरी सो गरेको पन्ध्र दिनभित्र सम्झौताको एक प्रति सम्बन्धित कर कार्यालयमा पेश गर्नु पर्नेछ ।

(६) वार्षिक रु. ५० हजार भन्दा बढीको बहाल भुक्तानी गर्दा एकाउण्ट-पेयी चेकबाट मात्र बहाल भुक्तानी गर्नु पर्नेछ ।

(७) पारिश्रमिक आयको खूद आय निर्धारण गर्दा कर्मचारी सञ्चयकोष कट्टी गरी बाँकी रहने रकममा अन्य खर्च वापत १५ प्रतिशत वा ५ हजार रूपैयाँ मध्ये जुन घटी हुन्छ सो रकम छूट दिइनेछ ।

(८) धितोपत्र कारोबार ऐन, २०४० र यस अन्तर्गत बनेको सूचिकरण नियमावली अनुरूप सेक्यूरिटी खरिद बिक्री केन्द्रमा आफ्नो शेयर तथा सेक्यूरिटी-हरूलाई सूचिकरण गराउने संगठित संस्थाहरूलाई लाग्ने आयकरमा ५ प्रतिशत छूट दिइनेछ । साथै शेयर पूंजीको कम्तिमा ३० प्रतिशत शेयर १०० वा सो भन्दा कम शेयर लिनेहरूको हातमा रहने गरी स्वामित्व कायम राखेमा थप ५ प्रतिशतका दरले आयकरमा छूट दिइनेछ ।

(९) आ. व. २०४७।४८ देखि आफ्नो कारोबारको हिसाब किताब राख्न नसक्ने वार्षिक ६० हजार रूपैयाँसम्म खूद आय निर्धारण हुने साना करदाताहरूको कर निर्धारण आयकर निर्धारण समितिबाट गरिनेछ ।

(१०) सिनेमा हलहरूको लागि तिनीहरूले वार्षिक बुझाउनु पर्ने मनोरञ्जन करको रकमको एकमुष्ट ५ प्रतिशतका दरले आयकर लगाई असूल उपर गरिनेछ ।

(११) "नागरिक लगानी कोष" मा कट्टी गरिएको रकम करदाताको खूद आय निर्धारण गर्दा खर्च वापत थप कट्टी गर्न पाउनेछ ।

(१२) नागरिक लगानी कोषमा जम्मा हुने रकम र त्यसबाट प्राप्त हुने व्याजमा आयकर लाग्ने छैन ।

(१३) आयकरसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४६ बमोजिम हुनेछ ।

७. सम्पत्तिकर : आयकर तिर्नुपर्ने कर्तव्य भएका व्यक्ति वा आयकर लाग्ने फर्म तथा कम्पनीमा स्वामित्व भएका व्यक्तिहरूबाट अनुसूची–६ बमोजिम सम्पत्तिकर लगाई असूल उपर गरिनेछ ।

८. शहरी क्षेत्र घरजग्गाकर : आर्थिक वर्ष २०४७।४८ मा आर्थिक ऐन, २०४६ बमोजिम शहरी क्षेत्रको घरजग्गामा घरजग्गाकर लगाइने र असूल उपर गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. ठेक्काकर : आर्थिक वर्ष २०४७।४८ मा आर्थिक ऐन, २०४६ बमोजिम ठेक्काकर लगाइने र असूल उपर गरिनेछ ।

१०. सवारी साधनकर : आर्थिक वर्ष २०४७।४८ मा आर्थिक ऐन, २०४६ बमोजिम सवारी साधनकर लगाइने र असूल उपर गरिनेछ ।

११. मनोरञ्जनकर : (१) नेपाल अधिराज्यभित्रका सिनेमाहलहरूबाट २०४७ श्रावण १ गते कायम रहेको उक्त हलहरूको कूल सिट क्षमता तथा दैनिक शो संख्याको आधारले मनोरञ्जनकरको दरबाट हुन आउने वार्षिक कूल रकममा अनुसूची–७ मा उल्लेखित प्रतिशतको हिसाबले वार्षिक मनोरञ्जनकर लगाई असूल उपर गरिनेछ ।

(२) नेपाल अधिराज्यभित्र भिडियो प्रदर्शन गर्न स्वीकृति प्राप्त गरी व्यापारिक रूपमा सार्वजनिक प्रदर्शन गरिने भिडियो प्रदर्शनको प्रवेश टिकटको मूल्यमा १०० प्रतिशत मनोरञ्जनकर लगाइने र असूल उपर गरिनेछ ।

(३) नेपाल अधिराज्यमा निर्मित नेपाली भाषाका चलचित्र, नेपाली टेलिफिल्म वा नेपाली भिडियो फिल्मको प्रदर्शनबाट उठेको मनोरञ्जनकरको रकम मध्ये दुई तिहाई रकम सम्बन्धित कर कार्यालयको धरौटी खातामा राखी नेपाली चलचित्र, नेपाली टेलिफिल्म तथा नेपाली भिडियो फिल्म निर्माताहरूलाई अनुदान दिइनेछ। यसरी अनुदान दिंदा उक्त बमोजिम उठेको मनोरञ्जनकरको रकम मध्ये दुइ तिहाई रकम सम्बन्धित कर कार्यालयको धरौटी खातामा राखी नेपाली चलचित्र, नेपाली टेलिफिल्म तथा नेपाली भिडियो फिल्म निर्माताहरूलाई सम्बन्धित कर कार्यालयबाटै सोझै अनुदान उपलब्ध गराइनेछ ।

(४) विदेशमा निर्माण गरी नेपाली भाषामा डबिङ मात्र गर्ने चलचित्र, टेलिफिल्म र भिडियो फिल्म निर्मातालाई यस दफामा लेखिए बमोजिम अनुदान दिइने छैन ।

(५) मनोरञ्जनकरको प्रयोजनार्थ कूल रकमको गणना गर्दा अनुसूची–७ को १ बमोजिम नै विद्यार्थी सहुलियतको समेत हिसाब गरी गणना गर्ने व्यवस्था भएको हुँदा अनुसूची–७ को १ मा उल्लेख भएबमोजिम सिनेमाहलहरूले विद्यार्थी सहुलियत दिनु पर्नेछ ।

१२. होटलकर : आर्थिक वर्ष २०४७।४८ मा आर्थिक ऐन, २०४६ बमोजिम होटलकर लगाइने र असूल उपर गरिनेछ ।

१३. ब्याजकर : (१) निक्षेपकर्ताले बैंकहरूमा राखेको मुद्दती निक्षेपबाट पाउने वार्षिक रु. ५,०००।– (पाँचहजार) सम्मको ब्याज आयमा ब्याजकर लाग्ने



326
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छैन । सो भन्दा बढी व्याज आयमा पूरै रकममा समदरले ५ प्रतिशत व्याजकर लाग्नेछ । बैंकहरूले सो करको रकम कट्टी गरी सम्बन्धित कर कार्यालयमा दाखिल गर्नु पर्नेछ । यसरी प्राप्त गरेको व्याजमा आयकर लाग्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको निक्षेप र कोषमा व्याजकर लाग्ने छैनः–

(क) वचत निक्षेप,

(ख) कर्मचारी संचयकोष निक्षेप,

(ग) बैंकमा कर्मचारीको नाममा रहेको संचयकोष,

(घ) गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिको निक्षेप, र

(ङ) मुनाफाको उद्देश्यले स्थापना भएको बाहेक सार्वजनिक हितकालागि गठन भएको र धार्मिक कृत्यसम्बन्धी संस्थाको निक्षेप ।

१४. सडक पुल सम्भारकर : आर्थिक वर्ष २०४७।४८ मा आर्थिक ऐन, २०४६ बमोजिम सडक पुल सम्भारकर लगाइने र असूल उपर गरिनेछ ।

१५. टेलिभिजन र भिडियो डेकमा लाग्ने दस्तूर : आर्थिक वर्ष ०४७।४८ मा आर्थिक ऐन, २०४६ बमोजिम टेलिभिजन र भिडियो डेकमा दस्तूर लगाइने र असूल उपर गरिनेछ ।

१६. मालपोत तथा भूमिकर : आर्थिक वर्ष २०४७।४८ मा आर्थिक ऐन, २०४६ बमोजिम मालपोत, भूमिकर तथा स्थानीय विकास शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१७. रजिष्ट्रेशन दस्तूर : आर्थिक वर्ष २०४७।४८ मा अनुसूची–८ बमोजिम रजिष्ट्रेशन दस्तूर लगाइने र असूल उपर गरिनेछ ।

१८. दर घटाउन सक्ने : श्री ५ को सरकारले आवश्यकतानुसार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी दफा २ मा उल्लेखित भन्सार महशूलको दर घटाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–१

### भन्सार महसूल दरबन्दी

| संकेत नं. | माल वा वस्तुको नाम | महसूल दर प्रति १०० के. जि. वा मो. प्र. श. (%) वा. रू. (अन्यथा केही उल्लेख नभएको भए) | |
|---|---|---|---|
| | | पैठारी | निकासी |
| | | साधारण भन्सार महसूल | भन्सार महसूल |
| १ | २ | ३ | ४ |
| ०४.०२ | (ख) दूध, (मही बाहेक) धूलो वा दाना वजनमा १.५ प्रतिशत भन्दा बढी बोसो नभएको | ५% | ०.५% |
| | (ग) दूध (मही बाहेक) र तर धूलो वा दाना वजनमा १.५ प्रतिशत भन्दा बढी बोसो भएको | ५% | ०.५% |
| ०४.०३ | नौनी | | |
| | (१) प्रशोधित घिउ | १०% | १०० |
| | (२) अन्य घिउ | १०% | ३०० |
| | (३) अन्य (प्रशोधित नौनी समेत) | १०% | ०.५% |
| ०७.०५ | (१) दलेको | माफी | १५ |
| | (२) अन्य | माफी | २० |
| ०८.०१ | (ख) नरिवल | | |
| | (२) अन्य | १०% र रू. ५।– प्र. के. जि. | ०.५% |
| | (ग) ब्राजिल सुपारी | १०% र रू. ५।–प्र. के. जि. | ०.५% |
| | (घ) काजू | १०% र रू. ५।- प्र. के. जि. | ०.५% |
| | (छ) खजूर (छोहरा) | १०% र थप रू. ५।-प्र. के. जि. | ०.५% |

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| ०८.०३ | अंजीर सुकाएको वा ताजा | | |
| | (२) अन्य | १०% र थप रू. ५–प्र.के.जि. | ०.५% |
| ०८.०४ | अंगूर ताजा वा सुकाएको | | |
| | (ख) सुख्खा | १०% र थप रू. ५।- प्र.के.जि. | ०.५% |
| ०८.०५ | (क) बदाम (अलमोण्डा) | १०% र थप रू. ५।- प्र.के.जि. | ०.५% |
| ०८.०५ | (ख) खैरो खवटे फलफूल (खैरो सुपारी) | १०% र थप रू. ५।-प्र.के.जि. | ०.५% |
| | (ग) अन्य | | |
| | (१) सुपारी | १० % र थप रू. ५।- प्र.के.जि. | ०.५% |
| | (२) अन्य | १०% र थप रू. ५।-प्र.के.जि. | ०.५% |
| ०८.१२ | संकेत नं. ०८. ०१, ०८. ०२, ०८. ०३, ०८. ०४ वा ०८.०५ अन्तर्गत पर्ने बाहेकको सुकाएको फलफूल | १०% र थप रू. ५।-प्र.के.जि. | ०.५% |
| ०९.०४ | विभिन्न जातको मरीच, बिभिन्न जातका खोर्सानी | | |
| | (२) मरीच | ५% | ०.५% |
| | (३) अन्य | १०% | ०.५% |
| ०९.०६ | दालचिनी र दालचिनीको रूख र फूल | १०% र थप रू. ५।- प्र. के. जि. | ०.५% |
| ०९.०७ | ल्वांग (सिंगो ल्वांग, ल्वांगको फूल र भेट्नु) | १०% र थप रू. ५।- प्र.के.जि. | ०.५% |
| ०९.०९ | सोंप, बेडियन, सस बनाउदा काम लाग्ने पहेंलो फूल फल्ने झार (फेनेल)को गेडा, धनियां, जीरा, केक बनाउँदा काम लाग्ने | | |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | झार (कारावे)को गेडा, रक्सी वा औषधि बनाउँदा काम लाग्ने विरुवा (जुनिपर)को गडा | ५% | ०.५% |
| १०.०१ | (क) दुरम गहुँ | माफी | १५ |
| | (ख) अन्य | माफी | १५ |
| १०.०२ | राई (भुङ्ला गहूँ) | माफी | ३ |
| १०.०३ | जौ | माफी | ६ |
| १०.०४ | जुनेलो (वोट) जै (आदेना) | माफी | ३ |
| १०.०५ | मकै | माफी | १० |
| १०.०६ | (क) धान | माफी | २० |
| | (ख) कुटेको (तर राम्रो नफलेको) | माफी | १२ |
| | (ग) अलिअलि कुटेको, मिलमा कुटेको, चिल्लो वा चम्कने पारेको वा नपारेको | माफी | १२ |
| | (घ) कनिका | माफी | १२ |
| १२.०१ | (ख) सुकेको नरिवलको गुदी | १०% र थप रू.५।-प्र.के.जि. | ०.५% |
| | (झ) तिल | माफी | १० |
| | (ञ) तोरी वा रायोको गेडा | माफी | २० |
| | (ट) अन्य | | |
| | (१) सालको विया | माफी | ३० |
| | (२) अन्य | माफी | १० |
| १२.०७ | ताजा, सुकाएको, सिंगै, काटेको, पेलेको चूर्ण, धूलोको रुपमा रहेको मुख्यतया सुगन्धित वस्तु बनाउने औषधि बनाउने वा किटाणु-नाशक वा किटनाशक औषधि बनाउने कामको लागि प्रयोग हुने रुख, बुट्टा, झार, व अन्य त्यस्ता विरुवा र तिनीहरूको अङ्ग (बिया र फल समेत): | माफी | १% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| १४.०५ | वनस्पति उत्पादन अन्यत्र नपरेको | | |
| | (४) खयर, मूढा, हांगा, विंगा, ठुन्का, जरा, टक्रा, चोइटाचोइटी र धूलो समेत | माफी | १०० |
| | (८) सावे धांस (वावियो वा बनकस) | माफी | १०% |
| | (११) खयरको जरा | ५% | ३००वा प्रति जरा रू. १०० जुन बढी हुन्छ |
| १७.०४ | (१) पिपरमेण्ट, टफीहरू, पीपी, लेमेन्चूस, चकलेटहरू र चुइगम | ३०% | ०.५% |
| १८.०६ | कोको मिश्रित चकलेट र अरू खाद्य परिकारहरू | ३०% | ०.५% |
| १९.०२ | वजनमा ५० प्रतिशत भन्दा कम कोकोको मात्रा भएको बच्चाको खाद्य पदार्थ वा पोषण वा भान्सामा प्रयोग हुने पिठो वा माड वा जौ को सारको परिकार] | ५% | ०.५% |
| १९.०३ | मेकरानी स्पागेटी (अन्नको पिठोबाट बनेको कच्चा उत्पादन) र त्यस्तै उत्पादनहरू | १५% | ०.५% |
| १९.०८ | पेष्ट्री, विस्कुट, केक र राम्रा खालको रोटीका सामानहरू कुनै अनुपातमा कोको मिसिएको वा नमिसिएको | २५% | ०.५% |
| २०.०७ | (क) सुन्तलाको रस (चक्की र धूलो समेत) | २५% | ०.५% |
| | (ख) ग्रेप फ्रुटको रस (चक्की र धूलो समेत) | २५% | ०.५% |
| | (ग) अरू कुन अमिलो फलफूलको (निबुवा जातिको) रस (चक्की र धूलो समेत) | २५% | ०.५% |
| | (घ) भुईंकटहरको रस (चक्की र धूलो समेत)] | २५% | ०.५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | (ङ) गोलभेडाको रस | २५% | ०.५% |
| | (च) अन्य कुनै फलफूल वा वनस्पतिको रस | २५% | ०.५% |
| | (छ) विभिन्न फलफूल र वनस्पतिको रसहरूको समिश्रण | २५% | ०.५% |
| २३.०२ | (क) मकै वा चामलको: | | |
| | (१) चामलको ढूटो – टन | १०% | ४०० |
| | (२) अन्य | १०% | २० |
| | (ग) अरू कोसे सागपात दलहनको | १०% | १० |
| २३.०४ | (ञ) अन्य: | | |
| | (१) तोरीको | माफी | १० |
| | (२) अन्य | माफी | १% |
| २५.०१ | साधारण नून (सिधेनून, समुद्री नून र टेबल नून समेत) शुद्ध सोडियम क्लोराईड, झोल नून, सामुद्रिक पानी | माफी | ०.५% |
| २५.१५ | सिंगमरमर, ट्राभरटीन, ईकाइजिन र अन्य चूनद्वारा स्मारक वा भवन बनाउने ढुङ्गा, विशिष्ट गुरूत्व २.५ वा बढी भए ोर एलाबास्टर अलि अलि टुक्याइएको, अलि अलि वर्गाकार जस्तो पारिएको वा रेतीद्वारा वर्गाकार पारिएको समेत घ. मि. | ५% | २०० |
| २५.१६ | ग्रेनाइट (कडा पत्थर), पर्फाइरी, (रेशा नभएको आग्नेय चट्टान), बेसाल्ट, वलौटे ढुङ्गा र अन्य (स्मारक वा भवन बनाइने ढुङ्गा टुक्राइएको वा वर्गाकार पारिएको भन्दा बढी केही नगरिएको) घ. मि. | ५% | २०० |
| २५.१९ | (१) म्याग्नेसियम अक्साइड | ५% | ५% |
| | (२) अन्य | ५% | २०० |
| २७.०१ | (क) एन्थासाइट, चूर्ण पारिएको वा नपारिएको तर असंगठित | माफी | ०.५% |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | (ख) अन्य कोईला चूर्ण वा अचूर्ण तर असंगठित | माफी | ०.५% |
| | (ग) संगठित धूलो, गोलाकार र अन्य त्यस्तै कोइलाबाट बनेको ईन्धनहरू | माफी | ०.५% |
| २७.०२ | (क) लिग्नाइट, चूर्ण वा अचूर्ण, तर असंगठित | माफी | ०.५% |
| | (ख) संगठित लिग्नाइट | माफी | ०.५% |
| २७.०३ | (क) पिट खाँदिएको वा नखाँदिएको बिटो (बेल), तर असंगठित | माफी | ०.५% |
| | (ख) संगठित पिट | माफी | ०.५% |
| २७.०४ | (क) पत्थर कोइला र अर्ध पत्थर कोइला | माफी | ०.५% |
| | (ख) लिग्नाइट वा पिटको पत्थर कोइला वा अर्ध पत्थर कोइला | माफी | ०.५% |
| २७.१०(ख) | (१) हाईस्पीड डीजेल (एच.एस.डी.) | ११५५।– प्र. कि. लि. | ०.५% |
| २७.११ | पेट्रोलियम ग्याँसहरू र अन्य ग्याँसहरू हाइड्रोकार्वनहरू | | |
| | (क) तरलिकृत प्रोपेन र बुटेनहरू टन | रू. ५००।– | ०.५% |
| | (ख) तरलीकृत ग्याँस हाइड्रो कार्बोनहरू प्रोपेन र बुटेन बाहेक टन | रू. ५००।– | ०.५% |
| | (ग) पेट्रोलियम ग्याँस र अन्य ग्याँस अवस्थाका हाइड्रोकार्बनहरू टन | रू. ५००।– | ०.५% |
| ३०.०२ | (क) एण्टिसेरा र सूक्ष्म जीवीय खोप | १% | ०.५% |
| | (ख) अन्य | | |
| | (१) दूधबाट बनेको खमीर (ल्याक्टिक फरमेण्ट) | १% | ०.५% |
| | (२) अन्य | १% | ०.५% |
| ३०.०३ | औषधिहरू (पशु विज्ञानसम्बन्धी औषधि समेत) | | |
| | (क) प्रतिजिवि वस्तु वा तिनका व्यूत्पति | १% | ०.५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | (ख) प्रतिजिवि वस्तु वा तिनका व्यूत्पति-हरू नभएका आन्तरिक स्राव वा आन्तरिक स्रावको काम गर्ने उत्पादनहरू | १% | ०.५% |
| | (ग) उपक्षार वा तिनका व्यूत्पतिहरू (तर आन्तरिक स्राव वा तिनका व्यूत्पतिहरू वा आन्तरिक स्रावको काम गर्ने पदार्थ-हरू वा परजीवी वा तिनका व्यूत्पति हरू बाहेक) | १% | ०.५% |
| | (घ) अन्य : | | |
| | (१) होमियोप्याथिक, आयुर्वेदिक (शुद्ध), यूनानी, क्षयरोग नाशक र परिवार नियोजन सम्बन्धी औषधिहरू | माफी | ०.५% |
| | (२) अन्य औषधीहरू | १% | ०.५% |
| ३०.०४ | अस्तर जाली, पट्टी र त्यस्तै सामानहरू (उदा-हरणकोलागि पट्टी टाँसिने प्लाष्टरहरू, लेप-हरू), औषधिहरू लादिएको वा बाहिरपट्टी लगाएका वा औषधि वा चिरफारको लागि खुद्रा बिक्रीका पोलिन्दाको रूपमा राखिएका सामानहरू (यस भागको द्रष्टव्य ३ मा निर्दिष्ट सामान बाहेक) | १% | ०.५% |
| ३२.०४ | (१) धुलोरूपमा रहेको कत्था (कुनै पनि रूपमा रहेको कच्छ) | १०% | २०० |
| | (२) अन्य प्रकृया लगाइएको कत्था | १०% | ५०० |
| ३३.०४ | (२) म्याटेड स्कच, जीन, रम, भोडका आदि माल्ट स्प्रीट | ३०% | ०.५% |
| ३३.०६ | (१) रोजवाटर र केवडा (पाँन्वामारन) वाटर | १५% | ०.५% |
| | (३) बेबी पाउडर, ट्वाइलेट पाउडर, टेल्कम पाउडर र यस्तै उत्पादनहरू (बोरोलिन | | |



३३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | १ | ३ | ४ |
|---|---|---|---|
| | क्रिम, नाइसिल पाउडर, क्लियरशिल आदि समेत) | १५% | ०.५% |
| | (४) धूपबत्ती | १०% | ०.५% |
| | (५) अत्तर (अट्टो) सुगन्ध, कृत्रिम सुगन्ध, केशलेप केशतेल, शैम्पु, दारी बनाउने क्रिम र फोम, आफ्टर सेभ लोशन, त्वचाको सौन्दर्य बढाउन प्रयोगमा ल्याउने क्रिम, क्लिन्सिङ क्रिम, स्किन फूडस एण्ड टनिक्स फेस पाउडर समेत (सि. आई. एफ. मूल्य प्रतिगोटा रू. १०।– भन्दा बढी मूल्य पर्नेमा मात्र प्रतिगोटा थप रू. १०।– लाग्नेछ) | ३०% र थप रू.१०।– प्रति गोटा | ०.५% |
| ३४.०१ | (१) ट्वाइलेट (नुहाउने) साबुनहरू | २५% र थप रू. २।– प्रतिगोटा | ०.५% |
| ३७.०२ | रोलमा भएका फिल्महरू, नखोलिएको, प्रकाशग्राही, सछिद्र वा छिद्र रहित | २०% र थप रू. ३।– प्रतिगोटा | ०.५% |
| ३७.०३ | (१) फोटो कपिङ गर्ने कागज | २०% | ०.५% |
| | (२) अन्य | २०% | ०.५% |
| ३७.०८ | रासायनिक उत्पादनहरू र फ्लासलाइट फोटोग्राफिकको लागि प्रयोग गर्ने खालका सामाग्रीहरू | २०% | ०.५% |
| ३८.०८ | (१) सल्लाको खोटो (चोप) | १०% | १०% |
| | (२) अन्य | १०% | ०.५% |
| ३८.११ | (ख) कीटनाशक पदार्थहरू | | |
| | (२) मच्छर धूप (म्याट र ट्याबलेट समेत) | १५% | ०.५% |
| | (३) अन्य | १५% | ०.५% |
| ३९.०२ (त) | (१) टासिने टेप | २०% | ०.५% |
| | (२) अन्य | २०% | ०.५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| ३९.०३ (क) | (२) टांसिने टेप (फिता) | २०% | ०.५% |
| ३९.०७ (ग) | (१) चुराहरू | ५% | ०.५% |
| | (२) अन्य | | |
| | (१) टिका, पोते | ५% | ०.५% |
| | (२) अन्य | २०% | ०.५% |
| ४४.०१ (ख) | काठको खेर फालेको पदार्थ र काठको धूलो समेत | माफी | २०० |
| ४४.०२ | काठको कोइला कडा बोक्राको र गुभोको समेत डल्लो पारेको वा नपारेको | माफी | ६०% |
| ४४.१२ | काठको ऊन र काठको पिठो | १५% | ४० |
| ४४.२७ | (१) बत्तीमा प्रयोग हुने काठका सामान | २५% | १०% |
| | (२) फर्निचरका सामान | २०% | १०% |
| | (३) अन्य | २५% | १०% |
| ४४.२८ | काठका अन्य सामान | | |
| | (१) दांत कोट्याउने सिन्का | २०% | १०% |
| | (२) कन्तुर | २०% | १०% |
| | (३) कोट झुण्डाउने हाङ्गर | २५% | १०% |
| | (४) मेच स्लिप्टस (मसला नहालेको सलाइ-को कांटी) | १०% | १०% |
| | (५) अन्य | २५% | १०% |
| ४८.१८ | (२) तस्वीर राख्ने पुस्तिका (अलबम) | २५% र थप रू. २।- प्रतिगोटा | ०.५% |
| ५५.०९ (क) | (१) १००% कपासको वजन भएको कपडा | ५% | ०.५% |
| (ख) | (१) १००% कपासको वजन भएको कपडा | ५% | ०.५% |
| ५८.०१ (क) | ऊन वा जीव-जन्तुको मसिनो रौंको | ३०% र थप रू. ५०।- प्रतिवर्ग मिटर | ०.५% |



336

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | १ | ३ | ४ |
|---|---|---|---|
| | (ख) अन्य कपडा पदार्थको | ३०% र थप रु.५०।– प्रति वर्ग मिटर | ०.५% |
| ५८.०२ | (झ) (३) अन्य | ३०% र थप रु. ५०।– प्रति वर्ग मिटर | ०.५% |
| ६१.०६ | (१) सूतिको | ५% | ०.५% |
| ६२.०१ | (ख) ऊन वा जीव जन्तुको मसिनो रौंबाट बनेको अरु कम्बल दोलाई | २०% र थप रु. २५।- प्रति गोटा | ०.५% |
| | (ग) सूतिको अन्य कम्बल, दोलाई | ५% | ०.५% |
| | (घ) कृत्रिम रेसाको कम्बल दोलाई | २०% र थप रु. २५।- प्रति गोटा | ०.५% |
| | (ङ) अन्य रेशाको कम्बल, दोलाई | २०% र थप रु. २५।- प्रति गोटा | ०.५% |
| ६२.०२ | (क) सूतिको तन्ना | ५% | ०.५% |
| | (ङ) सूतिको वाथरुम र भान्छाको रुमाल | ५% | ०.५% |
| | (छ) सूतिका अरु सामानहरू | ५% | ०.५% |
| | (ज) झूल | ५% | ०.५% |
| ६४.०२ | (१) सम्पूर्ण छालाको | ३०% र थप रु.२०।- प्रति जोर | ०.५% |
| | (३) अन्य | ३०% र थप रु.२०।- प्रति जोर | ०.५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| ६६.०१ | छाता र घाम छल्ने वस्तु (सनसेड) टेकने-लठ्ठी छाता, छाताको पाल, बगैंचाको छाता र यस्तै छाताहरू समेत | १५% र थप रू.५।- प्रति गोटा | ०.५% |
| ६९.०७ | ग्लेज नगरेको, चारपाते, जमीन छाप्ने, अघेनोको र भित्ते टायल | २५% | ०.५% |
| ७०.०९ | कांचको ऐनाहरू (पछाडिको दृश्य हेर्ने ऐना समेत) फ्रेम नहालेको वा फ्रेम हालेको वा पछाडि ढाकेको . | १५% | ०.५% |
| ७०.१३(३) | अन्य | ३०% | ०.५% |
| ७०.१९(२) | चुरा वा वाला, टीका, टिकुली, पोते, पोतेका दाना | ५% | ०.५% |
| ७३.०३(क) | पिग वा काष्ट फलामको टन | ५% | १५० |
| (ख) | मिश्रित स्टिलको टन | ५% | १५० |
| (ग) | अन्य टन | ५% | १५० |
| ७३.३५(१) | मोटर गाडीको प्रयोगको लागि | १५% र थप रू.२।- प्रति गोटा | ०.५% |
| ७३.३६(क) | पकाउने उपकरण र प्लेट तताउने पंखा | ५% | ०.५% |
| (ग) | पार्टपूर्जा | | |
| | (१) स्टोभ | ५% | ०.५% |
| | (२) अन्य | १५% | ०.५% |
| ७३.३८(२) | प्रेशर कूकर | १५% | ०.५% |
| (३) | चिया छान्ने जाली | ५% | ०.५% |
| (५) | फलामको अन्य सामान | १०% | ०.५% |
| ७६.१५(क) | (२) अन्य | १०% | ०.५% |
| ८३.०१ | ताल्चा र ढोकाको ताल्चा (सांचो, सांचो सहित भएको वा विजुलीले चल्ने) र | | |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | आधारभूत धातुबाट बनेको यसको पार्टपूर्जा ताल्चा समेत भएको फ्रेम हाते ब्यागको लागि, कन्तुरको लागि वा यस्तै सामानको लागि र तीनका पार्टपूर्जा माथि उल्लेखित आधारभूत धातुको सामानको लागि | २५% र थप रू.१।- प्रति गोटा | ०.५% |
| | धातुको सांचो | | |
| ८३.०५ | (१) स्टेपल | ३०% | ०.५% |
| | (२) अन्य | ३०% | ०.५% |
| ८३.०७ | (१) इमरजेन्सी ल्याम्प | २५% र थप रू.५०।- प्रति गोटा | ०.५% |
| | (३) लालटीन | १०% | ०.५% |
| ८४.१०(ख) | (१) ट्यूबवेल | ५% | ०.५% |
| (ङ) | (२) मोटर र भेहिकलको ईन्जिनको | २५% र थप रू.२।- प्रति गोटा | ०.५% |
| (च) | पार्टपूर्जा | | |
| | (१) ट्यूबवेलको | ५% | ०.५% |
| ८४.१५(क) | घर व्यवहारको रेफ्रिजरेटर डिप फ्रिजर कोठा भएको वा नभएको | १००% र थप रू.५००।- प्रति गोटा | ०.५% |
| (ख) | डिप फ्रिजर घर व्यवहारमा काम लाग्ने खालको | १००% र थप रू.५००।-प्रति गोटा | ०.५% |
| (ग) | अन्य रेफ्रिजरेटर र रेफ्रिजरेटिंग उपकरण | १००% र थप रू.५००।- प्रति गोटा | ०.५% |
| ८४.२०(क) | तौलने मेशिन | १०% | ०.५% |
| (ख) | ढक र पार्टपूर्जा | १०% | ०.५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| ८४.४० | (क) लुगा धुने मेशिन बढीमा ६ के. जी. नभिजेको लुगा धुन सक्ने क्षमता भएको | ५०% र थप रु.५००।-प्रति गोटा | ०.५% |
| | (ख) ६ के. जी. भन्दा बढी नभिजेको लुगा धुन सक्ने क्षमता भएको लुगा धुने मेशिन | ५०% र थप रु.५००।- प्रति गोटा | ०.५% |
| ८४.५२ | (क) डेस्क विजुलीबाट चल्ने क्याल्कुलेटर सहितको क्यालकुलेटिंग मेशिन | २०% र थप रु.२५।- प्रति गोटा | ०.५% |
| ८४.६२ | डल्ला रोलर वा भूई रोलर बेरिङ्ग | २५% र थप रु. ३।- प्रति गोटा | ०.५% |
| ८४.६३ | ट्रान्समिशनको साफ्ट क्रेंक वियरिङ्ग हाउसिङ्ग प्लेन साफ्ट वियरिङ्ग गियर र गियरिङ्ग (फिक्सन गियर, गियर वक्स अन्य विभिन्न प्रकारका स्पीड गियर समेत) फ्लाईह्वील्स पुली, पुली ब्लेचक क्लज र साफ्टकुपनिङ्ग | | |
| | (१) गेंडी भएको वा नभएको जुनसुकै प्रकारको धातुको वियरिङ्ग (भेहिकलको) | २५% र थप रु. ३।- प्रति गोटा | ०.५% |
| | (२) अन्य | १५% | ०.५% |
| ८५.०६ | हावा आवत जावत गर्न सक्ने झापन वा ढकनीहरू र कोठाका पङ्खाहरू | २५% र थप रु.५०।- प्रति गोटा | ०.५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| ८५.१० | यताउती सार्न हुने बिजुलीको बैट्री र चुम्बकीय बत्तीहरू संकेत नम्बर ८५.०९ मा परेका बत्तीहरू बाहेक | २०% र थप रू. २।- प्रति गोटा | ०.५% |
| ८५.१२(ख) | बिजुलीको माटो तताउने उपकरणहरू र स्थान तताउने उपकरणहरू | २०% र थप रू.५०।- प्रति गोटा | ०.५% |
| (घ) | बिजुलीका इस्त्रीहरू | २०% र थप रू.५०।- प्रति गोटा | ०.५% |
| (ङ) | बिजुलीको घरेलु प्रयोगको निमित्त तताउने उपकरणहरू | २०% र थप रू.५०।- प्रति गोटा | ०.५% |
| ८५.१३(क) | उपकरणहरू (१) टेलिफोन सेट | २०% र थप रू.१००।-प्रति सेट | ०.५% |
| ८५.१५(ख) | रङ्ग देखिने टेलिभिजनका रिसिभरहरू ध्वनी (आवाज) संग्रह र प्रशारण गर्ने यन्त्र समेत भएका रिसिभरहरू | ७०% र थप रू.५००।-प्रति गोटा | ०.५% |
| (ग) | रङ्गको विभिन्न छायामा लेखिएको चित्र देखिने टेलिफोन ध्वनी (आवाज) संग्रह र प्रशारण गर्ने यन्त्र समेत भएको रिसिभर सहित | ७०% र थप रू.५००।-प्रति गोटा | ०.५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| ८७.०१ | (क) ट्र्याक-लेइग ट्र्याक्टर | ५% | ०.५% |
| | (ख) टेलर भएको सडकमा हिंड्ने ट्र्याक्टर | ५% | ०.५% |
| | (ग) अन्य | ५% | ०.५% |
| ८७.०२ | (क) यात्रु मोटर कार (सार्वजनिक प्रकारका बाहेक) सामान र यात्रु समेतको प्रयोगको लागि निर्मित सवारीका साधन समेत | | |
| | (१) मोटरकार, क्रस कन्ट्रीकार, जीप, ल्याण्डरोभर, स्टेशन वाइगन, भ्यान, पिकअप भ्यान र माइक्रो वस | १००% र थप रू. २५०००।- प्रति गोटा | ०.५% |
| | (२) ३ पांग्रे सवारी र ढुवानीको साधन (अटो रिक्सा) | २०% | ०.५% |
| | (ख) (१) मिनिवस १२ सिटदेखि ३५ सिट-सम्मको | ७०% थप रू. २५०००।- प्रति गोटा | ०.५% |
| | (२) अन्य | २०% र थप रू. २५०००।- प्रति गोटा | ०.५% |
| | (ग) अन्य | २०% र थप रू. २५०००।-- प्रति गोटा | ०.५% |
| ८७.०४ | (१) ट्र्याक्टरको लागि | ५% | ०.५% |
| | (२) वस ट्रक वा लहरीको लागि | २०% र थप रू.२५०००।- प्रति गोटा | ०.५% |



383

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | (३) हुड वाहेकको थ्रि ह्वीलर चेसीस | २०% | ०.५% |
| | (४) अन्य सवारीको लागि | ७०% र थप रू. २५०००।- प्रति गोटा | ०.५% |
| ८७.०६ | संकेत नम्बर ८७.०१, ८७.०२, र ८७.०३ अन्तर्गत पर्ने मोटर गाडीका पार्टपूर्जा र सहायक उपकरण | १५% र थप रू. २।- प्रति गोटा | ०.५% |

द्रष्टव्यः– संकेत नम्बर ७३.३२ का नटबोल्ट र यसमा उल्लेख भएका बाहेक अन्य संकेत नम्बरका, संकेत नम्बर ८७.०१, ८७.०२ र ८७.०३ अन्तर्गत पर्ने (८७.०२ (२) बाहेक) मोटर गाडीका पार्टपूर्जा र सहायक उपकरण रू. १०।- भन्दा बढी मोल पर्ने पैठारी भएमा साधारण महसूलको अतिरिक्त थप रू. २।- प्रति गोटा महसूल लाग्नेछ ।

| | | | |
|---|---|---|---|
| ८७.०९ | मोटर साइकल, अटो साइकल र सहायक मोटरमा साइकल फीट गरेको साइड कारः– | | |
| | (१) ५० सि. सि. सम्मको | ३०% र थप रू. २०००।- प्रति गोटा | ०.५% |
| | (२) अन्य | ३०% र थप रू. ५०००।- प्रति गोटा | ०.५% |
| ८७.१० | (क) साईकल (तीन पांग्रे साइकल समेत) मोटर नजडेको | | |
| | (१) गेयर नभएको | ५% | ०.५% |
| | (२) गेयर भएको | १०% | ०.५% |

संकेत नं. ८७.१४ द्रष्टव्यको प्रकरण (छ) खारेज गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| ९०.०७ | (क) क्यामराहरू | २५% र थप रू. ५०।- प्रति गोटा | ०.५% |
| | (ख) फोटोग्राफीसम्बन्धी फ्लासलाइटको उपकरण र फ्लास ट्यूब (संकेत नं. ८५.२० को डिस्चार्ज बत्ति बाहेक) | २५% र थप रू. ५०।- प्रति गोटा | ०.५% |
| ९१.०१ | जेवी घडी, नाडी घडी र अन्य घडी विराम (स्टप वाच) समेत | २५% र थप रू. ५०।- प्रति गोटा | ०.५% |
| ९१.०४ | अन्य दिवाल घडी | २५% र थप रू. २५।- प्रति गोटा | ०.५% |
| ९२.०७ | विद्युत् चुम्बकीय, विद्युत् शक्तिले स्थिर गरिने इलेक्ट्रोनिक र यस्तै प्रकारका वाद्य यन्त्र (जस्तै पियानो, एकोडियम र अरगान बाजा) | ३०% र थप रू. ५०।- प्रति गोटा | ०.५% |
| ९४.०४ | (४) सिरक दोलाई र पल्ला | | |
| | (१) सूतिको | ५% | ०.५% |
| | (२) अन्य | २०% र थप रू. २५।- प्रति गोटा | ०.५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| ९६.०५ | पाउडर पफ र प्याड श्रृङ्गारको कामको लागि वा सफाईको परिकार जुनसुकै पदार्थको<br>द्रष्टव्यः– सि. आई. एफ. मूल्य प्रतिगोटा रू. १०।- भन्दा बढी मूल्य पर्नेमा मात्र प्रतिगोटा थप रू. १०।- लाग्नेछ । | ३०% र थप रू. १०।- प्रति गोटा | ०.५% |
| ९७.०३ | (१) ईलेक्ट्रोनिक गेमहरू, भिडियो गेम समेत | ३०% र थप रू. ५०।- प्रति १ सेट | ०.५% |
| ९८.०२ | (१) स्लाइड फास्नर, जीप फास्नर | ५०% र थप रू. -।१५ प्रति इन्च | ०.५% |
| ९८.०४ | कलमको नीब र नीबको प्वाइण्ट | ५% | ०.५% |
| ९८.१० | मेकानिकल लाइटर र यस्तै लाइटर, रसायनिक वा बिजुलीको लाइटर र यिनीहरूको पार्टपूर्जा समेत, तर लाइटरको पत्थर र सलेदो बाहेक | ७०% र थप रू. २।- प्रति गोटा | ०.५% |
| ९८.१४ | व्यक्तिगत सजावटको काममा प्रयोग हुने अत्तर, यस्तै स्प्रेयर (पचका) र तिनीहरूको टुप्पो र माथिल्लो भाग (सि. आई. एफ. मूल्य प्रतिगोटा रू. १०।- भन्दा बढी मूल्य पर्नेमा मात्र प्रतिगोटा थप रू. १०।– लाग्नेछ ।) | ३०% र थप रू. १०।- प्रति गोटा | ०.५% |

विविधः–

(१) भारतबाट डी. आर. पी. (ड्यूटी रिफण्डेवल प्रोसेड्यूर) फारामद्वारा पैठारी हुने माल वस्तुमा अनुसूची-१ बमोजिम साधारण भन्सार महशूल दर लागू हुनेछ। यसरी डी. आर. पी. अन्तर्गत पैठारी हुने मालसामानको भन्सार प्रयोजनको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागि मूल्य कायम गरिंदा भारत सरकारबाट फिर्ता हुने शुल्क र करको रकम घटाई कारखाना वा डिपो मूल्यमा ढुवानी र बीमा वापतको रकम जोडिनेछ। यसरी कायम हुने मूल्यमा साधारण भन्सार महशूल दर अनुसार महशूल हिसाब गरी त्यसमा भारत सरकारले फिर्ता गर्ने रकम घटाई बाँकी रकम मात्र असूल गरिनेछ।

(२) औषधि उद्योगले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा रासायनिक पदार्थमा एक प्रतिशत मात्र भन्सार महशूल लाग्नेछ।

(३) मसी उद्योग, विजुली चिम उद्योग, शिसाकलम उद्योग, कार्वन पेपर उद्योग, खाक्सी उद्योग, स्टेपल पिन उद्योग, रबर रोलर उद्योग, टिका उद्योग, आल्मोनियमका भाँडा कुंडा बनाउने उद्योग, स्टोभ बनाउने उद्योग, साइकलको सिटकभर उत्पादन गर्ने उद्योग र टेण्ट एण्ड टारपोलिन उद्योगहरूले उत्पादन गर्ने मालवस्तुहरू विदेशबाट आयात गर्दा लाग्ने भन्सार महशूल दर भन्दा सो वस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र रासायनिक पदार्थमा भन्सार महशूल दर बढी रहेछ भने त्यस्ता पदार्थहरूको पैठारीमा उत्पादित तयारी वस्तुमा लाग्ने भन्सार दर भन्दा एक तहमुनिको भन्सार महशूल दर लगाई भन्सार महशूल असूल गरिनेछ। तर यस्तो छूट दिंदा भन्सार महशूल पाँच प्रतिशत मात्र लाग्ने भएमा सो पाँच प्रतिशतमा पचास प्रतिशत कम गरी भन्सार महशूल असूल गरिनेछ। यस किसिमको सुविधा उद्योग विभाग वा घरेलु उद्योग विभागले तोकिदिएको परिमाणसम्मको लागि मात्र प्रदान गरिनेछ।

(४) श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्व रहेको सङ्घ संस्था वा पब्लिक लिमिटेड कम्पनीहरूबाट घरेलु उद्योगहरूलाई उपलब्ध गराउन गन मेटल पैठारी गरेमा लाग्ने अतिरिक्त भन्सार महशूलमा असी प्रतिशत छूट हुनेछ।

(५) स्वदेशी प्रेस (मुद्रण) उद्योगले आफ्नो उद्योगको प्रयोगको लागि छाप्ने मेशिन मेशिनरी पार्टपूर्जा तथा उपकरण, छाप्ने टाईप, ब्लक, प्लेट, शीट, ग्राफिक आर्ट फिल्म तथा केमिकलहरू पैठारी गरेमा लाग्ने भन्सार महशूलमा ५० प्रतिशत छूट हुनेछ।

(६) लेख्ने छाप्ने कागजमा अतिरिक्त भन्सार महशूल छूट भएकोमा वाल पेपर र फोटो ग्राफिक पेपर वाहेक भन्सार महशूल दरवन्दीको संकेत नं. ४८.०१, ४८.०३, ४८.०४, ४८.०५, ४८.०७, ४८.१३, ४८.१४ र ४८.१५ मा पर्ने सम्पूर्ण कागजहरूको पैठारीमा अतिरिक्त भन्सार महशूल छूट हुनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) (क) ट्राभल एजेन्सीले आफ्नो प्रयोगको लागि टेलेक्स मेशिन-एक, टेलिफेक्स मेशिन-एक, फोटोकपी मेशिन-एक र कम्प्युटर-एक पहिलो पटक पैठारी गर्दा ५ प्रतिशत मात्र भन्सार महशूल लाग्नेछ ।

(ख) ट्रेकिङ्ग एजेन्सीले आफ्नो प्रयोगको लागि टेलेक्स मेशिन एक, टेलिफेक्स मेशिन-एक, फोटोकपी मेशिन-एक, टाइपराइटर–एक र स्लीपिङ्ग व्याग २५ थान पहिलो पटक पैठारी गर्दा ५ प्रतिशत मात्र भन्सार महशूल लाग्नेछ ।

(ग) जल यात्राको व्यवसाय गर्ने राफ्टीङ एजेन्सीले आफ्नो व्यवसाय सञ्चालनकोलागि रबरको डुङ्गा १० थान, हेलमेट–१०० थान, लाइफ भेष्ट–१०० थान, प्याडल १०० थान र वाटर प्रूफ क्यामरा कन्टेनर–१० थान पहिलो पटक पैठारी गर्दा भन्सार महशूल ५% मात्र लाग्नेछ ।

(८) झिटी गुण्टा भारीसम्बन्धी सूचनाबमोजिम यात्रुहरूले भन्सार महशूल छूटमा ल्याउन पाउने सामान बाहेक अन्य सामान पैठारी गर्दा पैठारीमा लाग्ने प्रति इकाई परिमाणात्मक दर (स्पेसिफिक दर) अनुसारको भन्सार महशूल दर समेत लगाई महशूल असूल गरिनेछ ।

(९) २०४७ साल आषाढ ३० गतेदेखि विदेश गई फर्कने नेपाली यात्रुहरूले झिटी गुण्टा भारी सूचना अन्तर्गत महशूल छूटमा ल्याउन पाउने सामान बाहेक उक्त सूचनाको दफा ३ को सामान ल्याउन विदेशमा कम्तीमा १५ रात बिताएको हुनु पर्नेछ ।

(१०) फर्निचर उद्योगले आफ्नो उद्योगको लागि आवश्यक पर्ने महशूल लाग्ने काठ पैठारी गर्दा ५ प्रतिशत मात्र भन्सार महशूल लाग्नेछ ।

(११) अतिरिक्त भन्सार महशूल छूट भएका मालवस्तु उत्पादन गर्ने उद्योगले कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा रासायनिक पदार्थ पैठारी गरेमा त्यस्ता कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा रासायनिक पदार्थको पैठारीमा अतिरिक्त भन्सार महशूल लाग्ने छैन ।

(१२) टेलिभिजन उद्योग, रेडियो उद्योग, घडी उद्योग, पंखा उद्योग, भी. डी. ओ. डेक उद्योगहरूले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा रासायनिक पदार्थहरूमा साधारण भन्सार महशूल र पन्ध्र प्रतिशत अतिरिक्त भन्सार महशूल समेत लाग्नेछ ।



३६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१३) भारतबाट पैठारी हुने सबै प्रकारका मालवस्तुमा लाग्ने अतिरिक्त भन्सार महशूल पूर्णरूपमा छूट हुनेछ ।

(१४) ट्याक्सीमा जडान गर्ने ट्याक्सीको रेडियो टेलिफोन सेट पैठारी गर्दा ७५ प्रतिशत भन्सार महशूल छूट हुनेछ ।

(१५) तयारी पोशाक उद्योगले कच्चा पदार्थको रूपमा पैठारी गर्ने रेयन कपडामा सुती कपडामा लाग्ने भन्सार महशूल बराबरको बैङ्क ग्यारेण्टी लिई वण्डेड वेयर हाउसमा राख्न पाउनेछ ।

(१६) निकासीमूलक उद्योगहरूले कुनै मालवस्तु उत्पादन गरी निकासी गर्न स्वदेशी उद्योगसँग खरिद गर्ने वा विदेशबाट पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा रासायनिक पदार्थहरूमा उद्योग विभाग वा घरेलु तथा ग्रामीण उद्योग विभागले सिफारिश गरेको परिमाणमा दरबन्दीबमोजिम लाग्ने भन्सार महशूल, बिक्रीकर तथा अन्तःशुल्क बराबरको रकम बैङ्क ग्यारेण्टी राखी स्वदेशी उद्योगबाट खरिद गर्न तथा विदेशबाट पैठारी गर्न पाउनेछ । यस्ता कच्चा पदार्थको पूर्ण उपयोग गरी वस्तु निकासी भएको वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी बिक्री गरेको प्रमाण पेश गरेमा बैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ ।

यस अनुसूचीमा उल्लेख भएको व्यवस्था बाहेक भन्सार महशूलसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४६ बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–२
## अन्तःशुल्क दरबन्दी

| सङ्केत नं. | वस्तुको विवरण | इकाई | दर |
|---|---|---|---|
| ०१–१ | चिनी | मोल प्रतिशत | १% |
| ०१–८ (क) | फ्रुट पल्पबाट बनाइएका फ्रुटी र यस्तै पदार्थहरू | प्रति लिटर | रू. २।५० र थप मो. प्र. श. ५% |
| ०२–१ | बियर | प्रति लिटर | रू. ८।८१ वा मो.प्र.श. ६०% मा जुन बढी |
| ०३–१ (क) | प्रति हजार खिल्ली रू. ३५।– सम्म मोल पर्नेमा | प्रति हजार | रू. १७।३३ वा मो.प्र.श. ४५% मा जुन बढी |
| (ख) | प्रति हजार खिल्ली रू. ३५।– भन्दा बढी रू. ५०।– सम्म मोल पर्नेमा | प्रति हजार | रू. ३५।८० वा मो.प्र.श. ६८% मा जुन बढी |
| (ग) | प्रति हजार खिल्ली रू. ५०।– भन्दा बढी रू. ७५।– सम्म मोल पर्नेमा | प्रति हजार | रू. ८३।१६ वा मो.प्र.श. १००% मा जुन बढी |
| (घ) | प्रति हजार खिल्ली रू. ७५।– भन्दा बढी रू. १००।– सम्म मोल पर्नेमा | प्रति हजार | रू. १०६।७३ वा मो.प्र.श. १००% मा जुन बढी |
| (ङ) | प्रति हजार खिल्ली रू. १००।– भन्दा बढी रू. २००।– सम्म मोल पर्नेमा | प्रति हजार | रू. २०२।१३ वा मो.प्र.श. १००% मा जुन बढी। |
| (च) | प्रति हजार खिल्ली रू. २००।– | प्रति हजार | रू. २०७।६० वा |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | | भन्दा बढी रू. २४०।– सम्म मोल पर्नेमा | | मो.प्र.श.८६% मा जुन बढी |
| | (छ) | प्रति हजार खिल्ली रू. २४०।– भन्दा बढी रू. ३००।– सम्म मोल पर्नेमा | प्रति हजार | रू. २४४।६० वा मो. प्र. श. ८१% मा जुन बढी |
| | (ज) | प्रति हजार खिल्ली रू. ३००।– भन्दा बढी मोल पर्नेमा | प्रति हजार | रू. ३०६।०८ वा मो. प्र. श. ८५% मा जुन बढी |
| ०६–३ | | सबै किसिमका खाद्य प्रशोधित तेल (मार्जरिनहरू समेत) | मोल प्रतिशत | ३ % |
| ०८–१ | (ख) | प्रति वट्टा १० काँटीसम्म भएको सलाई | प्रति ग्रुस | रू. १।३८ |
| | | – प्रति वट्टा १० काँटी भन्दा बढी २० काँटीसम्म भएको प्रत्येक वट्टामा | थप प्रति ग्रुस | रू. –।२८ |
| १०–३ | | फलामको छड, डण्डी, पाता र स्ट्रीप | प्रति कि. ग्रा. | रू. –।१० र थप मो. प्र.श. १ % |
| १०–३ | (क) | फलामको टोरस्टील, छड र डण्डीहरू | प्रति कि. ग्रा. | रू. –।१० र थप मो. प्र. श. १.५% |
| १०–४ | | मेटल कन्टेनर, टीन कन्टेनर | मो. प्र. श. | १% |
| १२–२ | (क) | स्थानीय प्लाष्टिक, पोलिथिनका पत्रहरू प्रशोधन गरी उत्पादित प्लाष्टिक पोलिथिनका वस्तुहरू | प्रति कि. ग्रा. | रू. –।५० र थप मो. प्र. श. ०.५% |
| १३–१ | | सिमेण्ट | मो. प्र. श. | १८% |
| १३–२ | (क) | विद्युत शक्तिको प्रयोग गरी मेशिनबाट बनाइएको इँट | प्रति हजार गोटा | रू. ४।– |
| १३–२ | (ख) | विद्युत शक्ति प्रयोग नगरी बनाइएको इँटामा समवरको आधारमा पहिलो एक चिम्नीमा | वार्षिक | रू. ४,०००।– |





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | | – त्यसपछि प्रत्येक चिम्नीको | वार्षिक | रू. ३,०००।– |
| १८–१ | (च) | विद्युत शक्तिबाट सञ्चालन हुने कुकर, टोस्टर, हेयर ड्रायर, कोठा तताउने हिटर, पंखा तथा क्यालकुलेटर | मो. प्र. श. | १०% |
| | (झ) | सबै किसिमका टेलिफोन सेट | मो. प्र. श. | १०% |

यस अनुसूचीमा उल्लेख नभएका कुरामा आर्थिक ऐन, २०४६ को अनसूची–२ बमोजिम हुनेछ ।

३५२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

# अनुसूची–३
## बिक्रीकरको दरबन्दी

१. बिक्रीकरको दर :

| सङ्केत नं. | माल वा वस्तुको नाम तथा विवरण | करको दर प्रतिशतमा |
|---|---|---|
| २२.३ | बियर | ४० |
| २२.४ | अल्कोहलयुक्त सबै पेय पदार्थ (जस्तै ह्विस्की, रम, जिन, वाईन, ब्राण्डी र त्यस्तै पदार्थ २० प्रतिशत भन्दा बढी अल्कोहलको मात्रा भएको लोह वा भिटामिनयुक्त पेय पदार्थ जस्तो भाइब्रोना, मिनोलाबिन कार्निस) | ४० |
| १७.१ | चिनी | ५ |
| ४८.२ | (क) न्यूजप्रिन्ट (अखवार छाप्ने कागज) | माफी |
| | (ख) लेख्ने कागज | ५ |
| ४६.१ | क्यालेण्डर, पोष्टर र व्यापार विज्ञापनको लागि छापिएको वस्तु र यस्तै वस्तुहरू | माफी |

२. स्वदेशमै प्रशोधित छाला एवं सो मा आधारित जुत्ता एवं छालाका अन्य सामानको उत्पादनमा लाग्ने बिक्रीकर पूरै छूट दिइनेछ ।

३. स्वदेशी उद्योगले उत्पादन गर्ने चिनीमा लाग्ने बिक्रीकरको दरमा २० प्रतिशत छूट दिइनेछ ।

४. स्वदेशी प्रेस (मुद्रण) उद्योगले आफ्नो उद्योगको प्रयोगको लागि छाप्ने मेशिन, मेशिनरी पार्टपूर्जा तथा उपकरण, छाप्ने टाइप, ब्लक, प्लेट, शीट, ग्राफिक आर्ट फिल्म र केमिकलहरू पैठारी गरेमा सम्बन्धित विभागको सिफारिशमा लाग्ने बिक्रीकर पूर्णरूपमा छूट दिइनेछ ।

५. तयारी पोशाक उद्योगले कच्चा पदार्थको रूपमा पैठारी गर्ने रेयन कपडामा सूती कपडामा लाग्ने बिक्रीकर बराबरको बैङ्क ग्यारेण्टी लिइ वण्डेड वेयर हाउसमा राख्न पाउनेछ ।

६. यस अनुसूचीमा उल्लेख भएका बाहेक बिक्रीकरको दर र अन्य व्यवस्था आर्थिक ऐन, २०४६ को अनुसूची–३ बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–४

## हवाई उडान कर

आर्थिक वर्ष २०४७।४८ मा प्रति हवाई यात्रुबाट देहायबमोजिम हवाई उडान कर लगाई असूल उपर गरिनेछ ।

| आन्तरिक उडानतर्फ | हवाई उडान करको दर |
|---|---|
| (क) भद्रपुर, विराटनगर, राजविराज, जनकपुर सिमरा, भरतपुर, पोखरा, सिद्धार्थनगर र काठमाडौंबाट उडान गर्नेमा | रू. ३०।– प्रति यात्रु |
| (ख) नेपालगञ्ज, दाङ्ग, धनगढी र महेन्द्रनगरबाट उडान गर्नेमा | रू. २०।– प्रति यात्रु |
| (ग) बाँकी अन्य स्थानहरूबाट उडान गर्नेमा | रू. १०।–प्रति यात्र |
| **अन्तर्राष्ट्रिय उडानतर्फ** | |
| अधिराज्यभित्र बाहेक अन्य जुनसुकै मुलुकको लागि उडान गर्नेमा | रू. ४५०।– प्रति यात्रु |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनसूची–५

### आयकर

१. व्यक्ति, दम्पत्ति वा परिवारको लागि

(क) आयकर नलाग्ने हद :

| | |
|---|---|
| (१) व्यक्तिको लागि | रू. २०,०००।– |
| (२) दम्पत्ति वा परिवारको लागि | रू. ३०,०००।– |

(ख) आयकर लाग्ने

| | करको दर |
|---|---|
| पहिलो रू. १०,००० मा | १५ प्रतिशत |
| त्यसपछिको रू. १५,००० मा | २५ प्रतिशत |
| त्यसपछिको रू. २०,००० मा | ३५ प्रतिशत |
| त्यसपछिको रू. २५,००० मा | ४० प्रतिशत |
| त्यसपछिको रू. ३०,००० मा | ४५ प्रतिशत |
| र त्यसपछिको जतिसुकै भएपनि | ५० प्रतिशत |

२. अस्थायी वासिन्दा, साझेदारी फर्म, प्रा. लि. कम्पनी र संस्थानहरूलाई लाग्ने आय

करको दरः–

| वार्षिक आय | करको दर |
|---|---|
| पहिलो रू. १०,००० मा | १५ प्रतिशत |
| त्यसपछिको रू. १५,००० मा | २५ प्रतिशत |
| त्यसपछिको रू. २०,००० मा | ३५ प्रतिशत |
| त्यसपछिको रू. २५,००० मा | ४० प्रतिशत |
| त्यसपछिको रू. ३०,००० मा | ४५ प्रतिशत |
| र त्यसपछिको जतिसुकै भएपनि | ५० प्रतिशत |

३. पारिश्रमिक आयमा उच्चतम सिमान्त दर ४० प्रतिशत कायम गरिएको छ। तर पारिश्रमिक आयकरदाताको अन्य आयको स्रोत भएमा पारिश्रमिक आयको हकमा उक्त दरबमोजिम अधिकतम ४० प्रतिशत मात्र लगाई सो दरले खामे भन्दा बढी हुने अन्य आयमा आयकरको माथिल्लो दरबमोजिम आयकर लगाई असूल उपर गरिनेछ ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. उद्योग, व्यापार, पेशा व्यवसायबाट आय आर्जन गर्ने करदाताहरूमध्ये कर्पोरेट आयकर तिर्ने, अस्थायी वासिन्दा तथा प्रचलित कानूनले बाध्यात्मक रूपमा हिसाब किताब राख्नु पर्ने करदाता बाहेकका अरू करदाताको लेखाको आधारमा आयकर निर्धारण हुँदा रू. १ लाखसम्म खूद आय कायम हुनेमा लाग्ने करको १० प्रतिशत र सो भन्दा बढी खूद आय कायम हुनेमा लाग्ने करको ५ (पाँच) प्रतिशत छूट दिइनेछ ।

५. उपरोक्त उल्लेख भएबमोजिम बाहेक आयकरसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४६ बमोजिम हुनेछ ।

३५५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–६

### सम्पत्तिकर

१. सम्पत्तिकरको दरः–

| | |
|---|---|
| पहिलो रू. २५ लाख मूल्य सम्म | कर नलाग्ने |
| त्यसपछिको रू. ५० लाख सम्म | ०.२५ प्रतिशत |
| त्यसपछिको रू. १०० लाख सम्म | ०.५० प्रतिशत |
| त्यसपछिको बाँकी जतिसुकैमा | १ प्रतिशत |

२. मूल्याङ्कन गर्दा समावेश नगरिने सम्पत्तिहरू :

(१) गहना गुरिया समेतको सुन दश तोला सम्म ।

(२) चाँदी दुईसय तोला सम्म ।

(३) स्टक इन ट्रेड ।

(४) औद्योगिक मिल, मेशिनरी, यन्त्र, औजार, उपकरण र उद्योगको प्रयोगमा रहेको गोदाम, भवन र त्यसको लगापात ।

(५) स्वदेशी कम्पनी तथा कर्पोरेशनहरूमा लगानी भएका शेयर र डिबेञ्चर ।

(६) सम्पत्ति कर नलाग्ने गरी श्री ५ को सरकारले तोकी जारी गरेको ऋणपत्र ।

(७) कृषि कार्यमा प्रयोग भएको जम्मा १० विगाहामा नबढ्ने गरी देहायको क्षेत्रमा रहेको देहायको हद सम्मको जगाः–

(क) भित्री मधेश समेत सम्पूर्ण तराई क्षेत्रमा — १० विगाहा

(ख) काठमाडौं उपत्यकामा — २० रोपनी

(ग) काठमाडौं उपत्यका बाहेक सम्पूर्ण पहाडी क्षेत्रमा — ३२ रोपनी

(८) मोही लागेको जग्गामा प्रचलित कानूनबमोजिम मोहीले पाउने भाग बराबरको जग्गा ।

(९) करदाताको आफ्नो वा आफ्नो परिवारको नाममा रहेको २००० वर्ग फिटसम्मको एउटा घर र सोको लगापात ।

(१०) कृषि तथा वन पैदावार, कृषि कार्यको लागि प्रयोग भएको भवन, औजार, यन्त्र र उपकरणहरू ।

(११) जनावरहरू ।

(१२) जीवन वीमा बापत जम्मा भएको वा भुक्तानी पाएको रकम ।

(१३) कर्मचारी सञ्चयकोषमा जम्मा भएको वा सो कोषबाट भुक्तानी पाएको रकम ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१४) आफैंले लेखेको किताबको कपीराइट र आविस्कार गरेको वस्तुको प्याटेण्ट राइट तथा डिजाइन ।

(१५) अध्ययनका लागि राखिएका पुस्तक र शैक्षिक सामाग्रीहरू ।

(१६) वहुमूल्य धातु बाहेक अन्य धातुबाट बनेका घरायसी भाँडाकुंडा ।

(१७) घरायसी चलनचल्तीमा रहेको लुगा फाटा, वर बिछ्यौना ।

(१८) दैनिक प्रयोगमा ल्याइएको फर्निचर, औजार, यन्त्र र उपकरणहरू (टेलिभिजन, भिडियो डेक, रेफ्रिजेरेटर, मूभि क्यामरा र ताप नियन्त्रण गर्ने यन्त्रहरू बाहेक) ।

(१९) पेशागत कार्यमा, प्रयोग गरिने एक थान क्यालकुलेटर, टाइपराइटर, कम्प्युटर र टेलिफोन ।

(२०) घरमा राखिएका वा जडान गरिएका सजावटका सामानहरू (वहुमूल्य धातुबाट बनेका र जवाहरात जडान भएका बाहेक) ।

(२१) दैनिक प्रयोगमा ल्याइने वाद्ययन्त्र र संगीतका सामानहरू ।

(२२) स्वास्थ्य उपचार तथा परीक्षणको लागि धरमा राखिने औजार, यन्त्र र उपकरणहरू ।

(२३) खेलकूद र शारीरिक व्यायाममा प्रयोग गरिने सामानहरू ।

(२४) साईकल, रिक्सा र यस्तै मानिसद्वारा सञ्चालन हुने ईञ्जिन नभएको सवारी साधन ।

(२५) सुरक्षाको लागि राखिएका हातहतियार र खजानाहरू ।

(२६) पेशागत कार्य जस्तैः– डाक्टर, इञ्जिनियर, कन्सल्टेण्ट आदिको लागि चाहिने मेशिन औजारहरू ।

(२७) अनुसन्धान कार्यको लागि आवश्यक सामानहरू ।

(२८) कलात्मक सामानहरू, फोटोग्राफी र सोका सामानहरू ।

(२९) धार्मिक कार्य वा सार्वजनिक हितका लागि नेपाल अधिराज्यभित्र दान वा चन्दा दिएका जिन्सी सम्पत्ति ।

(३०) कुनै उल्लेखनीय सार्वजनिक सेवा वा कार्य गरे वापत प्राप्त गरेको नगदी वा जिन्सी पुरस्कार ।

(३१) नागरिक लगानी कोषमा जम्मा भएको वा सो कोषबाट भुक्तानी पाएको रकम ।

(३२) प्रचलित कानूनमा सम्पत्तिकरको प्रयोजनको लागि मूल्याङ्कन गर्दा समावेश नगरिने भनी तोकिएबमोजिमका अन्य सम्पत्तिहरू ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. उपरोक्त दफा २ मा उल्लेख भएबमोजिमका सम्पत्ति मूल्याङ्कनमा समावेश नहुने भए तापनि करदाताले नं. १ देखि ६ सम्मको सम्पत्तिको विवरण भरी सम्बन्धित कर कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

४. कुनै सम्पत्तिमा प्रचलित कानून बमोजिम छुट्टै कर लाग्ने रहेछ भने त्यस्तो करदाता-को निर्धारित सम्पत्तिकरबाट कट्टा (Tax Credit) गर्न दिइनेछ । साथै सम्पत्ति कर लाग्ने सम्पत्तिको स्वामित्व प्राप्त गर्न लिएको संस्थागत वा रजिष्ट्रेशन पारित गरी लिएको ऋण र सो को ब्याज तथा सम्पत्तिकर तिरेको रकम सम्पत्तिको मूल्यबाट घटाइनेछ ।

५. मूल्याङ्कन तरिकाः

(क) घरको मूल्याङ्कन मिति ०४५।१२।२१ को नेपाल राजपत्र भाग ४ मा तोकिएको दरमा मूल्याङ्कन गर्दा हुन आउने रकमको ह्रास कट्टी गरी बाँकी हुने मूल्यको ७० प्रतिशत मात्र कर योग्य मूल्य कायम गरिनेछ । जग्गा तर्फको मूल्याङ्कन रजिष्ट्रेशन पारित गर्ने कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि कायम गरिने दररेटको आधारमा मूल्य कायम गरिनेछ ।

(ख) अन्य सम्पत्तिको मूल्य श्रावण १ गते प्रचलित बजार दरबाट मूल्याङ्कन गरिनेछ । ह्रास कट्टी पाउने सम्पत्ति भए आयकर नियमावलीबमोजिम ह्रास कट्टी गरी खुद मूल्य कायम गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–७

### मनोरञ्जनकरको दर

१. कूल रकम निर्धारण:

मनोरञ्जनकरको प्रयोजनको लागि अधिराज्यभित्रका सिनेमा हलहरूको कूल सिट क्षमता तथा दैनिक प्रदर्शन संख्याको आधारमा कूल रकमको गणना गर्ने प्रयोजनार्थ देहायबमोजिम मनोरञ्जनकरको दर तोकिएकोछः–

| श्रेणी | साधारणतर्फ | विद्यार्थी सहुलियततर्फ | |
|---|---|---|---|
| (क) ड्रेससर्कल | ८।– | रु. ५।०३ | प्रति टिकट |
| (ख) बल्कोनी | ६।७५ | रु. ३।१० | " " |
| (ग) स्पेशल वा रियर बल्कोनी | ५।५० | रु. १।९७ | " " |
| (घ) पहिलो श्रेणी | ३।– | रु. १।५१ | " " |
| (ङ) दोश्रो श्रेणी | १।७५ | रु. १।१६ | " " |
| (च) तेश्रो श्रेणी वा फ्रन्ट | –।५० | रु. –।३७ | " " |

२. सिनेमा हलहरूको वर्गीकरण:

मनोरञ्जनकरको प्रयोजनार्थ अधिराज्यभित्रका सिनेमाहलहरूलाई निम्नबमोजिम वर्गीकृत गरिएकोछः–

"क" वर्ग

काठमाडौं र ललितपुर नगरपालिका क्षेत्रभित्रका सिनेमाहलहरू ।

"ख" वर्ग

जनकपुर, विराटनगर र बीरगञ्ज नगरपालिका क्षेत्रभित्रका सिनेमाहलहरू ।

"ग" वर्ग

भरतपुर र बुटवल नगरपालिका क्षेत्रभित्र रहेका सिनेमाहलहरू ।

"घ" वर्ग

(१) पोखरा र धरान नगरपालिका क्षेत्र भित्रका सिनेमाहलहरू, र

(२) जनकपुर, विराटनगर र वीरगञ्ज नगरपालिका क्षेत्र बाहिरका तर अन्तर्राष्ट्रिय सिमानाको एक किलोमिटर भित्र पर्ने सिनेमाहलहरू ।

"ङ" वर्ग

भैरहवा, हेटौडा र नेपालगञ्ज नगरपालिका क्षेत्रभित्रका सिनेमाहलहरू ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"च" वर्ग

राजविराज, दमक, इटहरी, लहान, घोराही र धनगढी नगरपालिका क्षेत्रभित्रका सिनेमाहलहरू ।

"छ" वर्ग

झापाको धुलाबारी, बिर्तामोड र भद्रपुर, कपिलबस्तुको कृष्णनगर, कञ्चनपुरको महेन्द्रनगर, सुनसरीको दुहवी र इनरूवा बजार, चितौनको पर्सा र रत्ननगर, काभ्रेको बनेपा, सर्लाहीको, मलङ्गवा र लालबन्दी, पाल्पाको तानसेन, बाराको कलैया, रौतहटको चन्द्रनिगाहपुर, मोरङ्गको वेलबारी र उर्लाबारी, तनहुँको दमौली, बाग्लुङ्गको बागलुङ्ग, धनुषाको महेन्द्रनगर र भक्तपुरको भक्तपुर क्षेत्र-भित्र पर्ने सिनेमाहलहरू ।

"ज" वर्ग

तनहुँको खैरेनीटार, स्याङ्गजाको स्याङ्गजा, उदयपुरको गाइघाट, इलामको इलाम नगरपालिका र सिराहाको मिर्चैया क्षेत्रभित्र पर्ने सिनेमाहलहरू ।

३. मनोरञ्जनकरको दर:

सिनेमाहलको कूल सिट क्षमता तथा दैनिक प्रदर्शन संख्याको आधारमा दफा १ मा उल्लेखित मनोरञ्जनकरको दरबाट हुन आउने वार्षिक कूल रकममा निम्नलिखित वर्गका सिनेमाहलहरूलाई निम्न प्रतिशतका दरले मनोरञ्जन-कर लगाई असूल उपर गरिनेछ ।

| सिनेमा हलको वर्ग | मनोरञ्जनकरको प्रतिशत |
|---|---|
| "क" वर्ग | ६० |
| "ख" वर्ग | ३८ |
| "ग" वर्ग | ३५ |
| "घ" वर्ग | ३० |
| "ङ" वर्ग | २५ |
| "च" वर्ग | २० |
| "छ" वर्ग | १८ |
| "ज" वर्ग | १५ |



३६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. विविध:

(१) उपरोक्त दफा ३ बमोजिम तोकिएको वार्षिक मनोरञ्जन कर २४ किस्तामा विभाजन गरी हुन आउने रकम सिनेमाहलले प्रचलित कानूनमा तोकिएको म्यादभित्र सम्बन्धित कर कार्यालयमा बुझाउनु पर्नेछ ।

(२) यो व्यवस्था लागू भइसकेपछि कुनै सिनेमाहल नयाँ सञ्चालन भएमा निम्न बमोजिमको स्थानीय समितिले सो हल तथा त्यसबाट प्रभावित हुने अन्य कुनै हल भएमा त्यस्को समेत वार्षिक बुझाउनु पर्ने मनोरञ्जनकरको प्रतिशत निर्धारण गर्नेछ ।

| | |
|---|---|
| (१) स्थानीय प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| (२) स्थानीय कर कार्यालय प्रमुख | सदस्य |
| (३) सञ्चार मन्त्रालयको प्रतिनिधि | सदस्य |
| (४) नेपाल चलचित्र सङ्घको प्रतिनिधि | सदस्य |

(३) आकस्मिक घट्ना, दैवी प्रकोप वा मेशिन बिग्रन गई १ दिन भन्दा बढी शो (सिनेमा प्रदर्शन) सञ्चालन नभएको प्रमाणित भएमा वार्षिक बुझाउनु पर्ने मनोरञ्जनकरबाट दामासाहीले शो सञ्चालन नभएका दिनहरूको मनोरञ्जनकर कट्टा गरिनेछ ।

(४) नेपाली सिनेमा निर्माताहरूलाई दिई आएको साविकको मनोरञ्जनकरको अनुदान यथावत कायम राखिएको छ । हलहरूले नेपाली चलचित्र प्रदर्शन भएको अवधिको मास्केवारीमा नेपाली चलचित्र निर्माता वा निजको बारेस प्रतिनिधिबाट समेत प्रमाणित गराई कर कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५) माथि उल्लेख गरिएका बाहेक अरू टुरिङ्ग टाकिजको रूपमा चलचित्र प्रदर्शनको ईजाजत लिएकाहरूबाट मासिक रू. ८,०००।– का दरले प्रत्येक महिनाको १ गते एकमुष्ट मनोरञ्जनकर असूल गरिनेछ ।

(६) नेपाली चलचित्र प्रदर्शन भएको अवधिमा टिकटमा छाप लगाई टिकट बिक्रीको आधारमा मनोरञ्जनकर असूली गरिनेछ । नेपाली चलचित्र प्रदर्शन भएको अवधिमा असूल भएको मनोरञ्जनकर कर कार्यालयमा बुझाई उक्त अवधिमा बुझाउनु पर्ने वार्षिक तोकिएको एकमुष्ट मनोरञ्जनकरबाट कट्टा गर्न पाइनेछ ।

(७) सिट संख्या तथा सञ्चालन शो संख्यामा परिवर्तन गर्नु परेमा श्रावण १ गते अगावै स्वीकृति लिनु पर्नेछ ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–८

## रजिष्ट्रेशन दस्तूर

१. रजिष्ट्रेशन दस्तूरको दर:

| क्र. सं. | थैली अङ्क | शहरी क्षेत्रको लागि राजिनामाको लिखतमा | |
|---|---|---|---|
| | | क्रेतालाई लाग्ने दस्तूरको दर | बिक्रेतालाई लाग्ने दस्तूरको दर |
| १. (क) | रू. २,०००।– सम्मको थैलीमा न्यूनतम (एकमुष्ट) समदर | रू.७५।– र थैलीमा थप १ प्र.श. | रू. ७५।–र थैलीमा थप १ प्र.श. |
| (ख) | रू. ५,०००।– सम्मको पुरै थैलीमा न्यूनतम (एकमुष्ट) समदर | रू. १२५।–र थैलीमा थप १ प्र.श. | रू. १२५।– र थप १ प्र.श. |
| (ग) | रू. ५,०००।– देखि माथिको जति सुकैको पुरै थैलीमा | ६ प्रतिशत | ८ प्रतिशत |

२. नयाँ होटेल स्थापना गर्नको लागि वा क्षमता विस्तारको लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तूरमा ५० प्रतिशत छूट दिईनेछ। तर यस्तो छूट सुविधा कम्तीमा २० प्रतिशत शेयर १०० वा सो भन्दा कम शेयर लिनेहरूको हातमा स्वामित्व रहेको पब्लिक लिमिटेड कम्पनीको रूपमा सञ्चालित होटेल-हरूलाई मात्र दिईनेछ।

३. यस अनुसूचीमा उल्लेख भएका बाहेक रजिष्ट्रेशन दस्तूरको दर र अन्य व्यवस्था आर्थिक ऐन, २०४६ बमोजिम हुनेछ।

लालमोहर सदर मिति– २०४७।७।१४।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

३५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।